नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, नुवाकोट

# भोटेकोशी नदीमा आएको बाढीको कारण उत्पन्न अवस्था

२०८३ भाद्र १० गते देखि २०८३ भाद्र ३० गते बेलुका ६:०० बजेसम्मको विवरण

## १. मानवीय उद्धार, बेपत्ता र शव सम्बन्धी विवरण

| उद्धार संख्या | उद्धार गरिएको नेपाली नागरिक संख्या | | उद्धार गरिएको विदेशी नागरिक संख्या | | |
|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | |
| ३,५६७ | १,९५१ | १,३५८ | २३२ | २६ | २०८३ भाद्र १० गते देखि भाद्र २९ गतेसम्म |
| | ० | ० | ० | ० | २०८३ भाद्र ३० गते बेलुका ६:०० बजेसम्म |

| शव निकालिएको संख्या | पुरुष | महिला | लिङ्ग पहिचान नभएको | घाइते | |
|---|---|---|---|---|---|
| २०२ | ५० | ४८ | १०४ | ६६ | २०८३ भाद्र १० गते देखि भाद्र २९ गतेसम्म |
| | ० | ० | ० | ० | २०८३ भाद्र ३० गते बेलुका ६:०० बजेसम्म |

| बेपत्ता संख्या | नेपाली नागरिक | | विदेशी नागरिक | | नखुलेको | |
|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | | |
| २,७१५ | १,८९५ | ४६७ | १७९ | १७४ | ० | २०८३ भाद्र १० गते देखि भाद्र २९ गतेसम्म |
| | ० | ० | ० | ० | ० | २०८३ भाद्र ३० गते बेलुका ६:०० बजेसम्म |

*जिल्ला प्रशासन कार्यालयमा टिपिएको बेपत्ता संख्या विवरण समेत गणना गरिएको।

प्रशासकीय अधिकृत

## २. भौतिक पुर्वाधार क्षतिको विवरण

| विद्यालय | पक्की पुल | झोलुङ्गे पुल | जलबिधुत आयोजना |
|---|---|---|---|
| पूर्ण: ६<br>आंशिक: ३ | पूर्ण: २१<br>आंशिक: १ | पूर्ण: १८<br>आंशिक: ० | पूर्ण: ६<br>आंशिक: ० |

| सरकारी सवारी साधन | सडक | सरकारी कार्यालय | सहकारी संस्था |
|---|---|---|---|
| पूर्ण: ६१<br>आंशिक: ० | पूर्ण: ५.५ कि.मी<br>आंशिक: ८ कि.मी | पूर्ण: १४<br>आंशिक: २ | पूर्ण: १४<br>आंशिक: ० |

| स्वास्थ्य चौकी (खोप केन्द्र) |
|---|
| पूर्ण: २<br>आंशिक: ० |

माथी उल्लेखित विवरणहरू प्राप्त हुने क्रममा रहेका कारण, परिवर्तन हुन सक्ने। मिति २०८३ भाद्र ३० गते सम्मको

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
नुवाकोट

## ३. प्रभावित घरधुरी संख्या (स्थानीय तहगत)

| सि.न. | स्थानीय तह | वडा नं. | पुर्ण क्षति | आंशिक क्षति | जम्मा |
|---|---|---|---|---|---|
| १ | विदुर नगरपालिका | १ | ३९० | ९३ | ४८३ |
| २ | विदुर नगरपालिका | ३ | ८० | २८ | १०८ |
| ३ | विदुर नगरपालिका | ४ | ६० | २७ | ८७ |
| ४ | विदुर नगरपालिका | ५ | २६२ | ७६ | ३३८ |
| ५ | विदुर नगरपालिका | ६ | ५ | ४ | ९ |
| ६ | विदुर नगरपालिका | ७ | १२० | ८० | २०० |
| ७ | विदुर नगरपालिका | ८ | ५ | ० | ५ |
| ८ | विदुर नगरपालिका | ९ | ९० | ४० | १३० |
| ९ | विदुर नगरपालिका | १० | २९० | २८ | ३१८ |
| १० | बेलकोटगढी नगरपालिका | ५ | १२ | ३८ | ५० |
| ११ | बेलकोटगढी नगरपालिका | ७ | ५५ | २५ | ८० |
| १२ | बेलकोटगढी नगरपालिका | ८ | ४८ | १७ | ६५ |
| १३ | किस्पाङ्ग गाँउपालिका | ५ | ३४ | ० | ३४ |
| १४ | तार्केश्वर गाँउपालिका | २ | ३ | ० | ३ |
| १५ | तार्केश्वर गाँउपालिका | ४ | १८ | २७ | ४५ |
| | जम्मा | | १,४७२ | ४८३ | १,९५५ |

प्रशासकीय अधिकृत

# ४. खोज तथा उद्दार



१. त्रिशुली ३-A जलविद्युत आयोजनामा नेपाली सेना, सशस्त्र प्रहरी, CSSR टिम र बिधुतका कर्माचारी गरि ५४ जनाबाट खोज तथा उद्धार कार्य गर्ने क्रममा पावरहाउससम्म पुगी खोज तथा उद्धार कार्य भइरहेको।

२. त्रिशुली ३-B जलविद्युत आयोजनामा हेली मार्फत एक्साभेटर Drop गरि नेपाली सेना, सशस्त्र प्रहरी, CSSR टिम र बिधुतका कर्मचारी गरी ९४ जना उक्त स्थानमा उद्दार टोली खटिएको र पावर हाउस रहेको स्थानसम्म उतखनन गरि खोज तथा उद्धार कार्य भइरहेको ।

३. मिति २०८३ भाद्र ३० गते खोज तथा उद्दार कार्यका लागि २३ (shuttle) पटक हेली उडान गरिएको।

४. रसुवागढी जलविद्युत आयोजनामा पावरहाउस सम्म पुगी खोज तथा उद्धारको कार्य भइरहेको।



५. लाङ्टाङ्ग आयोजनामा नेपाली सेना, सशस्त्र प्रहरी, CSSR टिम र विद्युतका कर्मचारी गरी २८ जनाबाट करिब १७० मिटर पसेर खोज तथा उद्धार कार्य भइरहेको।

६. नेपाली सेनाको अधिकृत तहको नेतृत्व र समन्वयमा मित्र राष्ट्रबाट आएको विज्ञ टोली समेतको टिमले (UT-१ २१६) अपर त्रिशुली १ को Audit ४ सम्म पुगी थर्मल ड्रोन मार्फत खोज तथा उद्धारको कार्य भईरहेको।

१. चिलिमे जलविद्युत आयोजनामा नेपाली सेना, मित्र राष्ट्रको विज्ञ टोली र CSSR टिमले सानो एक्साभेटर मार्फत करिब १२५ मिटर भित्रसम्म डेब्रीस हटाइ अगाडी बडेर खोज तथा उद्धार कार्य भईरहेको।

२. इन्देणीघाट र त्रिशुली गुम्बा बिच सामान ढुवानी सहज गर्नको लागी Zip Line निर्माण कार्य सम्पन्न भएको।

३. माथी उल्लेखित टनेलहरूमा अत्याधुनिक ड्रोन तथा थर्मल क्यामेराबाट खोज तथा उद्धार कार्य भईरहेको।

४. अन्य जलविद्युत आयोजना लगायत ठाउँमा नेपाली सेनाको अधिकृत तहको नेतृत्व र समन्वयमा खोज तथा उद्दार कार्य भइरहेको।

५. सशस्त्र प्रहरी बल नेपालको २ वटा तलिम प्राप्त कुकुर सहितको केनाइन टोली खोज तथा उद्धारमा खटिएको।

६. हेभि इक्विपमेन्ट लोडर र एक्स्काभेटर प्रयोग गरी चिलिमे जलविद्युत आयोजनामा तीव्र गतिमा खोजीकार्य भइरहेको ।

७. नेपाल प्रहरीको केनाइन टोली (२ वटा तलिम प्राप्त कुकुर र ४ जनाको जनशक्ति), १२ जना नेपाली प्रहरी सहितको टोलीले त्रिशुली देखि वेत्रावती क्षेत्रमा खोज तथा उद्धारको कार्य गरिरहेको।

८. नेपाल प्रहरीको १० जनाको श्रव्यदृश्य विज्ञ टोली ड्रोन मार्फत बाढी प्रभावित खोला किनाराहरुमा बस्तुस्थितिको अवलोकन, निरिक्षण र विवरण संकलन गरी खोज तथा उद्धारमा सहजीकरण गरिरहेको। समग्रमा करिब ५६८ जना नेपाल प्रहरी खोज तथा उद्धारका लागी परिचालन भएको।

९. प्रभावित व्यक्तिहरु रहेको होल्डिङ्ग सेन्टरहरुमा, खोला किनारमा खोज तथा उद्धारका लागी, राहत संकलन तथा वितरण केन्द्रहरुमा र त्रिशुली नदीको दुबै तर्फ खोज तथा उद्धार कार्यमा गरी करिब ४२३ जना सशस्त्र प्रहरी बल परिचालन भएको।

१०. मिति २०८३ भाद्र ३० गते सशस्त्र प्रहरी बलको टिमले त्रिशुली पारी कार्गो ड्रोन मार्फत सामाग्रीहरू ढुवानी गरिएको।

११. देविघाटमा Rubber Boat प्रयोग गरि खोज तथा उद्धारको कार्य भईरहेको।

## ५. सडक सञ्चालन






१. गल्छी- देवीघाट सडक खण्डको ठुलो खोला पुल सफा गरि सडक संचालनमा रहेको तर पानी पुल माथिबाट बगिरहेको। रातमाटेको कटान भएको सडक खण्ड बनाउने कार्य भईरहेको।

२. तादी खोला बगाएर अवरुद्ध सडकमा एक्रो ब्रिज (ACRO BRIDGE) जडान कार्य सम्पन्न भई सुचारू भएको।

३. ढुंगे बजार क्षेत्र देखि तिरतिरे भीरबाट करिब १.७५ कि.मी. वेत्रावती तर्फ सडक सफा गर्ने कार्य सकिएको, ग्राबेल विछ्याउने र नाली बनाउने कार्य भईरहेको। बाँकी खण्डमा भएको चट्टान कटान गर्ने कार्य भईरहेको।

### बैकल्पिक सडक

१. बाहुनेबेसी-लाच्यांग-परच्यांग-धुन्चे जाने सडकमा साना सवारी संचालनमा रहेको।

२. विदुर - चोगते, बोरेभञ्ज्याङ्ग- लच्याङ्ग- जिरो किलो- धुन्चे जाने सडक खण्ड सञ्चालनमा रहेको।


३. ढीकुरे - फेदीबेसी-चोगते, बोरेभञ्ज्याङ्ग- ढुङ्गेधारा हुँदै वेत्रावती रसुवा जाने बाटोमा साना सवारी संचालनमा रहेको।

४. चोगाते - बोरेभञ्ज्याङ- दण्डधारा- ढुङ्गेधारा- पाटीखर्क- भोर्ले सडकमा ठुला सवारी सञ्चालन गर्नका लागि पहल भईहेको।

५. विदुर नगरपालिकाबाट उपलब्ध HEAVY MACHINE हरु विदुर-११ थापाटार- बेत्रावती सडक संचालनका लागि कार्य भैरहेको।

६. कोलोनी - बुद्धसिंहघाट जाने सडक सुचारू रहेको।

७. गल्छी – कोशीखोला - कोलडाँडा- तार्केश्वर-२ वडा कार्यालय- छत्रेखोला पुल तरेर कुमलटार- लबडाँडा- सिरखाली- बुनीबेसी- कालीखोला- माझीगाँउ हुँदै कोलोनी जाने बैकल्पिक मार्ग सञ्चालन रहेको।



८. नुवाकोटको बिदुर -९ इन्द्रायणी चौर बाट कोलोनी गुम्बामा-२, देविघाटमा– १, सिमचौरमा- १ गरि जम्मा ४ वटा तुईन निर्माण कार्य सम्पन्न भई सुचारू भएको।

९. बेलकोटगढी- निरन्जना सडक सुचारू रहेको।

१०. बिदुर- पिपलटार- धसले- निरन्जना- बागखोर- देउराली- दुईपिपल- कोल्पुटार हुँदै गल्छी जाने बाटो बैकल्पिक रुपमा प्रयोग गर्न सकिने।

११. ढुङ्गेबाट पारिपट्टी झोलुङ्गे पुल राख्न Foundation राख्ने कार्य भईरहेको।

१२. किस्पाङ्ग जोड्ने सलाखु खोलामा पुल बगाएको हुँदा उक्त स्थानमा १२० सि.मीको १६ वटा ह्युम पाईप राख्नका लागी पाईप ढुवानी कार्य भइरहेको।

१३. बेत्रावतीबाट रसुवा जोड्ने बेली ब्रिज राख्न Foundation खन्ने कार्य भईरहेको।

## ६. स्वास्थ्य



१. नेपाली सेनाको मेडिकल टिमले होल्डिङ्ग सेन्टरहरूमा सम्भावित संक्रमण फैलिन नदिनका लागि Disinfection को कार्य गरिरहेको साथै प्रभावितहरुलाई मनोसामाजिक परामर्श दिने कार्य भइरहेको।

२. सशस्त्र प्रहरी बलको विज्ञ डाक्टर तथा स्वस्थ्यकर्मीद्वारा २४ सै घण्टा परिचालित भई मोबाइल मेडिकल सर्भिस प्रदान गरिएको। उक्त टोलीले विस्थापित तथा उद्धार गरिएका पीडितहरूलाई निरन्तर रूपमा आवश्यक स्वास्थ्य सेवा तथा टोलीमार्फत मनोसामाजिक परामर्श दिने कार्य समेत गरिरहेको।

३. सशस्त्र प्रहरी बलको टिमले ईन्द्रायणी देखि त्रिशुली पारी रहेको होल्डिङ्ग सेन्टरमा ड्रोन राहत तथा मार्फत मेडिकल सामाग्री लैजाने काम गरेको।

४. मिति २०८३ भाद्र ३० गते बेलुका ६ सम्ममा सशस्त्र प्रहरी बलको मेडिकल टोलीद्वारा ३,९५९ जनाको स्वास्थ्य जाँच गरिएको साथै होल्डिङ्ग सेन्टर लगायत प्रभावित क्षेत्र वरपर किटनाषक औषधीहरू छर्किएर Disinfection गरिएको।

प्रशासकीय अधिकृत

५. मिति २०८३ भाद्र ३० गते सम्म जिल्ला जनस्वास्थ्य कार्यालयको समन्वयमा विभीन्न संघ-संस्थाहरुको सहयोगमा सबै होल्डिङ्ग सेन्टरहरूमा मनोसामाजिक परामर्श ३,६१९ जनालाई र स्वास्थ्य सेवा ९,७८७ जनालाई प्रदान गरिएको। (एउटै सेन्टरमा दैनिक रूपमा सेवा प्रदान गरेको हुँदा, सेवा संख्यामा ।)

६. मिति २०८३ भाद्र २९ सम्ममा प्रभावित क्षेत्रहरूमा २८,०९९ जनालाई हैजा बिरूद्धको खोप दिईएको।

## ७. खानेपानी

१. देवीघाटमा बोरिङ्गबाट जेनेरेटर प्रयोग गरि खानेपानीको व्यवस्थापन भएको।

२. विदुरमा विभिन्न स्थानहरुमा ट्याङ्करबाट खानेपानी व्यवस्थापन गर्ने कार्य भइरहेको।

३. खानेपानी तथा सरसफाइमा कार्य गर्ने सरकारी तथा गैह्र सरकारी संस्थाहरु सहभागी रहेको ।

४. ३२ वटा खानेपानी आयोजनाहरुको अनुमानित १८ करोड ५५ लाख क्षति भएको र अन्य आयोजनाहरुको विवरण प्राप्त हुने क्रममा रहेको ।

५. प्रदेश खानेपानी तथा सरसफाइ डिभिजन नुवाकोटबाट केन्द्रिय कारागार, विदुर खानेपानी, शेरा खानेपानी विदुर, रातमाटे खानेपानी वेलकोटगढी लगायतलाइ विभिन्न साइजको ९,५०० मीटर पाइप वितरण गरि पानी संचालनमा सहयोग गरेको ।

६. खानेपानी तथा ढल व्यवस्थापन विभाग अन्तर्गत भक्तपुर डिभिजनबाट १०० के भि एको जेनेरेटर, स्टेबलाइजर, विदुर खानेपानी लगायत विभिन्न खानेपानीलाई ८,५०० मीटर पाईप वितरण गरि पानी संचालन भएको ।

७. ५ के भि जेनेरेटर १, विदुर खानेपानीलाई र सुन्दरी केउरेनी सेल्टर पम्प १ थान र जेनेरेटर १ थान, पाइप, फिल्टर लगायत हाइजिन किट वितरण, चर्पी १०० थान विदुर नगरपालिका लाइ हस्तान्तरण भएको ।

८. विदुर नगरपालिकालाई २,००० लिटर, ५,००० लिटर र २०० लिटर क्षमताका पानी ट्यांकी तथा सबमर्सिबल पम्पहरू हस्तान्तरण गरिएको छ, साथै विभिन्न सेल्टर तथा सार्वजनिक स्थानहरूमा चर्पी, वास स्टेशन, चेन्जिङ रुम, पानी ट्यांकी र पानी वितरण प्रणाली स्थापना गरिएको।

९. WASH सेवाअन्तर्गत १० वटा नमुना चर्पी निर्माण, १३ स्थानमा पानी परीक्षण, क्लिनिङ किट, वासिङ सेट, बाथिङ सेट, ह्यान्ड वासिङ स्टेशन तथा होल्डिङ सेन्टरमा पानी ट्यांकरमार्फत सेवा प्रदान गरिएको।

१०. नेपाल रेडक्रस लगायतका निकायमार्फत थप पानी ट्यांकी, पम्प र फिल्टर जडान तथा वितरण भइरहेको छ भने पियुसमार्फत पानी शुद्धीकरण सामग्री वितरण र सुरक्षित पानी प्रयोगसम्बन्धी जनचेतना सामाजिक सञ्जाल, सञ्चार माध्यम र स्वयंसेवकमार्फत प्रवाह भइरहेको।

११. पानी शुध्दिकरणका सामाग्री पियुस वितरण भइ रहेको तथा पानी शुध्दिकरण सम्बन्धि मेडिया तथा सामाजिक संजाल तथा स्वयमसेवक मार्फत सुचना प्रवाह भइरहेको ।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय नुवाकोट

## ८. राहत वितरण

गृह मन्त्रालय, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, जिल्ला प्रशासन कार्यालय, सबै सुरक्षा निकायका प्रतिनिधि, स्थानीय तहका प्रतिनिधि रहेको संयन्त्र मार्फत एकद्वार प्रणाली अनुसार राहत वितरण सम्बन्धी कार्य भइरहेको।



१. जिल्ला समन्वय समितिको हल, मैथली व्यारेक र बिदुर नगरपालिकाको कार्यालयबाट राहत संकलन र वितरणको कार्य भइरहेको ।
२. मितिः २०८३ भाद्र २९ गते सम्ममा ४५८ वटा संघ-संस्था मार्फत राहत संकलन भएको।
३. मितिः २०८३ भाद्र २९ गते सम्ममा ९४५ वटा ठाउँहरूमा राहत वितरण भएको।
४. मितिः २०८३ भाद्र ३० गते संकलित भएको र संकलन केन्द्रबाट वितरण भएको विवरण राष्ट्रिय सूचना प्रणालीमा प्रविष्ट हुने क्रममा रहेको।

## ९. शव व्यवस्थापन

१. मिति २०८३ भाद्र ३० गते बेलुकासम्ममा कुल ३९ वटा शवको पहिचान भएकोमा ३९ शव आफन्तहरूलाई जिम्मा लगाईएको।
२. विभिन्न स्थानहरुबाट पहिचान खुलेका र नखुलेका गरि २०२ बटा शव फेला परेको।
३. मिति २०८३ भाद्र ३० गतेसम्ममा रसुवा जिल्लाबाट ल्याईएको ६७ वटा र नुवाकोट जिल्लामा फेला परेका ३ वटा गरि जममा ७० वटा शवको **"पहिचान नभएका तथा बेवारिसे शव व्यवस्थापन निर्देशिका (संशोधन सहित), २०७८"** बमोजीम विदुर नगरपालिकाको वडा नं. ६ मा रहेको खम्बाक्याम्प स्थित केन्द्रिय कारागारको खाली जमिनमा व्यवस्थापन गरिएको।
४. मिति २०८३ भाद्र ३० गते नुवाकोट जिल्लामा १७ शवको पोष्टमार्टम गरी डि.एन.ए Sample संकलन गरिएको र हालसम्म सम्पर्क बिहिन ५२ जना व्यक्तिहरूको परिवारजनको डि.एन.ए Sample संकलन गरिएको।

## १०. होल्डिङ्ग सेन्टरको विवरण

| सि.नं. | Camp रहेको स्थान | प्रभावित स्थान | शिविरको नाम | बसोबास संख्या (महिला) | बसोबास संख्या (पुरुष) | बसोबास संख्या (जम्मा) | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|---|---|---|
| १ | बेलकोटगढी-७ | बेलकोटगढी नगरपालिका-७ | महादेब क्याम्पस महादेव फाँट | ११ | १० | २१ | विवेचना अधिकारी ९८६१३२२८११ |
| २ | बेलकोटगढी-७ | बेलकोटगढी नगरपालिका-७ | शिलादेवी मा बि रातमाटे | १६ | ११ | २७ | सविन भण्डारी ९८४४३९२३६५ |
| ३ | बेलकोटगढी-८ | बेलकोटगढी नगरपालिका- ८ | जनसेवा आ. बि | २२ | १७ | ३९ | उर्मिला चित्रकार ९८२८०८४५६९ |
| ४ | विदुर-१ | विदुर-१ त्रिशुली बजार क्षेत्र | इन्दायणी आ.वि. विदुर १ | १५ | १७ | ३२ | महादेव पनेरु ९८५८७५०७३७ |
| ५ | विदुर-२ | विदुर-१ त्रिशुली ढुङ्गे क्षेत्र र विदुर-४ सिमचौर | सेफहाउस/क्रियापुत्रि भवन | १३ | २६ | ३९ | आशिष के.सी. ९८६१५९५८६२ |
| ६ | विदुर-२ | विदुर-१० (वेत्रावतीका प्रभावितहरु) | स्वास्थ्य चौकी विदुर २ नुवाकोट दरवार | ३५ | ३३ | ६८ | सम्झना डंगोल ९८४१०८६१७४ |
| ७ | विदुर-३ | विदुर नगरपालिका विदुर-३ | चण्डी आ.वी मैरिटार | ४५ | ३७ | ८२ | श्रीकृष्ण अधिकारी ९८४१६७१३३५ |
| ८ | विदुर-२ | विदुर-४ बट्टार र रसुवा क्षेत्र | कवर्ड हल | ८५ | ८१ | १६६ | अस्मिता थापा ९८४१५४८३०३ विक्रम रिमाल ९८४१०८६०९९ |
| ९ | विदुर-२ | शेरा | अन्नपुर्ण पञ्चकन्या आ.वि | १२ | ९ | २१ | किरण डंगोल ९८४१६७१७४५ |
| १० | विदुर-४ | बिदुर नगरपालिका विदुर-४ | युनाइटेड आधारभुत विद्यालय | २३ | ३७ | ६० | धिर बोगटी ९८४३४५०७९३ |
| ११ | विदुर-५ | विदुर-५ देविघाट | आयुर्वेद बैकल्पिक चिकात्सालय | ५७ | ४५ | १०२ | विकास डंगोल ९८१८१३६३४१ |
| १२ | विदुर-५ | विदुर-५ देविघाट | चन्द्रज्योती मा.वि. | ९० | ९० | १८० | अनुप के.सी. ९८४५७७७८३७ |
| १३ | विदुर-६ | बट्टार चौतारा/ चिस्यान केन्द्र | बट्टार चौतारा/ चिस्यान केन्द्र | ८ | ३ | ११ | दिपेश पन्त ९८४७६१५२११ |

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय नुवाकोट

प्रशासकीय अधिकृत

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, नुवाकोट

| सि.नं. | Camp रहेको स्थान | प्रभावित स्थान | शिविरको नाम | बसोबास संख्या (महिला) | बसोबास संख्या (पुरुष) | बसोबास संख्या (जम्मा) | सम्पर्क व्यक्ति |
|---|---|---|---|---|---|---|---|
| १४ | विदुर-७ | विदुर-७ तुप्चे क्षेत्र | लाईबेरी/ स्वास्थ्य चौकी तुप्चेटार | ३६ | ३४ | ७० | सुजन परियार ८०८७१२२६२<br>गजेन्द्र घर्ती ९८१०८६०३१९ |
| १५ | विदुर-९ | विदुर-१ त्रिशुली बजार क्षेत्र | भैरुम मा.वि. | ४२ | ३४ | ७६ | देवी बहादुर शाही ९८४८२९१९६२ |
| १६ | विदुर-९ | विदुर न.पा. वडा नं.-९ | शुलक्षणा मा.वि. | ३९ | ५५ | ९४ | योगेश पन्त ९८६८५७८१२३ |
| १७ | विदुर-९ | विदुर नगरपालिका विदुर-१ | स्टार बोर्डिङ्ग कोलोनि | ५१ | २२ | ७३ | देवी बहादुर शाही ९८४८२९१९६२ |
| १८ | विदुर-१० | विदुर-१० बेत्रावती भैसे क्षेत्र | सुन्दरि क्यौरीनि मा.वि. | २ | १८ | २० | दिपक दुलाल ९८४९०२५५३५ |
| १९ | विदुर-१० | वेत्रावती | खमारे स्याले, केराघारी | १५ | ४० | ५५ | |
| | | | जम्मा | ६१७ | ६१९ | १,२३६ | |








<u>थप जानकारी तथा विवरणका लागि</u>

**Website:** http://www.daonuwakot.gov.np
**Facebook Page:** http://www.facebook.com/daonuwakot0
**Dead Body पहिचानको लागि:** http://www.nepalpoilce.gov.np

प्रशासकीय अधिकृत